९०८८।६००

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४१५/२०७०/०७१

निर्णय नं. ७००

कलिवस्तु नगरपालिका ३ शिव मन्दिर टोल वस्ने मुकेश शर्मा..........................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु ......................................................................१ विपक्षी
सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तु ...................................................१

विषय :- सूचना दिनु भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

कपिलवस्तु नगरपालिका ३ शिव मन्दिर टोल वस्ने मुकेश शर्माले जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तुले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७१।०४।०१ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न जिल्ला स्वास्थ्य कार्यालय, कपिलवस्तुलाई यस आयोगबाट मिति २०७१।०४।०१ च.नं. ०७ को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको । त्यसपछि पुनरावेदकले सूचना पाइँन भनी पुनः उजुरी गरेकोमा आयोगबाट मिति २०७२।०३।२१ मा सूचना दिनु भनी ताकेता पत्र पठाइएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाईंन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईंन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्